| | | | |
|---|---|---|---|
| ३. | श्री राजेन्द्रप्रसाद उपाध्याय | प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय भोजपुर। |
| ४. | श्री इन्दुल के.सी. | उप-सचिव | सामान्य प्रशासन मन्त्रालय। |

## सूचना ८

श्री ५ को सरकारले मिति २०४८।६।४ को निर्णयानुसार जिल्ला कार्यालय सप्तरीका वरिष्ठ प्रशासकीय अधिकृत श्री बाबुराम आचार्यलाई निजामती सेवा नियमावली, २०२१ को नियम ७.१. (३) बमोजिम सरकारी नोकरीबाट अवकाश दिएको छ।

## सूचना ९

श्री ५ को सरकारले मिति २०४८।५।१४ को निर्णयानुसार नेपाल प्रशासन सेवा राजपत्राङ्कित द्वितीय श्रेणी उप-सचिवस्तरका श्री जगन्नाथ शर्मा ज्ञवालीले श्री ५ को सरकारको सेवाबाट दिनुभएको राजीनामा मिति २०४८।३।४ देखि लागू हुने गरी स्वीकृत गरेको छ।

## सूचना १०

श्री ५ को सरकारले मिति २०४८।६।१७ को निर्णयानुसार लोक सेवा आयोगका उप-सचिव श्री मोहन सिंह थापाले श्री ५ को सरकारको सेवाबाट दिनुभएको राजीनामा मिति २०४८।५।२० देखि लागू हुने गरी स्वीकृत गरेको छ।

आज्ञाले,
विष्णुप्रसाद खत्री
सह-सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
252
मुद्रण विभाग, सिंहदरबार

## महालेखा परीक्षकको विभागको सूचना

श्री ५ को सरकारको २०४८।७।८ को निर्णयानुसार यस विभागका वरिष्ठ नायव महालेखा परीक्षक (राजपत्राङ्कित प्रथम श्रेणी) श्री यादवरन्जन वराललाई यसै विभागको राजपत्राङ्कित विशिष्ठ श्रेणीको उप-महालेखा परीक्षक पदमा बढुवा नियुक्ति गरिएको छ।

आज्ञाले,
कृष्णप्रसाद न्यौपाने
निर्देशक



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।